आज मिति २०८२/०९/०६ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राईको अध्यक्षतामा आ.व. ०८२/८३ को आठौं कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल

उपस्थितिहरु:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री कविचन्द्र राई | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथि रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री सन्देश राई | सदस्य सचिव | |
| १५ | श्री श्याम बहादुर कार्की | सूचना प्रविधि अधिकृत | |
| आमन्त्रितहरु | | | |
| १ | सोमित कामत | ईन्जिनियर | |
| | | | |
| | | | |

प्रस्तावहरुः

१. विद्यालय गुरुयोजना सम्बन्धमा।

२. कार्यविधि संशोधन सम्बन्धमा।

३. आगामि हिउदे सभा सम्बन्धमा।

४. एक्जाभेटर संचालन कार्यविधि सम्बन्धमा।

५. संघिय समपुरक अनुदान माग गर्ने सम्बन्धमा।

६. संधिय विशेष अनुदान माग गर्ने सम्बन्धमा।

७. प्रदेश समपुरक योजना छनोट सम्बन्धमा।

८. लिम्चुङबुङको हरेक बालबालिकालाई सेयर मार्केटमा आवद्ध गराउने सम्बन्धमा।

९. मेसिन प्रयोग गर्ने सम्बन्धमा।

१०. बैठक भत्ता सम्बन्धमा।

११. डाक्टरको प्रोस्ताहन भत्ता सम्बन्धमा।

१२. N-WASH परियोजनाको लागि गणक छनोट सम्बन्धमा।

१३. बैदेशिक अध्ययन विदा सम्बन्धमा।

१४. घरभाडा सम्झौता सम्बन्शधमा

१५. भवन भत्काउने सम्बन्धमा।

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिका, विद्यालयको भौतिक पुर्वधार निर्माण गुरुयोजनामा प्राप्त भएको ससर्त बजेट तपसिल बमोजिमका विद्यालयहरुको योजना निर्माण गर्नको ठेक्का आह्वान गर्न अनुमति दिने भनि सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. श्री महेन्द्र दीप मा.वि. (१-१२), ताम्लिछा तला थप तथा शौचालय निर्माण।

२. श्री तमारो रातमाटे (१-८), सिर्वानि तला थप तथा शौचालय निर्माण।

३. श्री महाकाली आ.वि. (१-८) छाताङ्ग दुई कोठे भवन निर्माण।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि छपफल गर्दा लिम्चुङबुङ गाउँपालिकाकको भौतिक पूर्वधार विकास शाखा अतर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि,२०८१ दोस्रो संसोधन सर्वसहमतिले निर्णय गरियो।

| सि.नं. | पद/तह/स्तर | प्राप्त हुने फिल्ड भत्ता(रु.) |
|---|---|---|
| १ | ईन्जिनियर (अधिकृत स्तर) | खाईपाई आएको तलवको ६०% प्रत्साहन |
| २ | सव-ईन्जिनियर (सहायक स्तर पाँचौ) | रु. १०००० |
| ३ | अ सव-ईन्जिनियर (सहायक स्तर चौथो) | रु. ३००० |

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको आ.व. ०८२/८३ को दोस्रो सभाको सत्रौ अधिवेशन आगामि पौष ३० गते बस्ने भनि सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको एक्जाभेटर सञ्चालन कार्यविधि, २०७७ को पाँचौ संसोधन सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघिय समपुरक अनुदान अन्तर्गत आ.व. ०८३/८४ को लागि निम्न योजनाहरु माग गर्ने भनि सर्वसहमतिले निर्णय गरियो।

१. राष्ट्रिय योजना आयोगबाट संचालित रौतामाई-१ माझखर्क-लिम्चुंङबुङ गाउँपालिका ३ बाराहा सडक निर्माण (माझखर्क बजार-गाउँपालिकाको केन्द्र जोड्ने सडक ०८२/८३ देखि संचालित ३ बर्षे योजना निरन्तरता दिने।

२. चनौटे-लैकुघाट-कुनाहि-कुमलटार अन्तरपालिका जोड्ने सडक निर्माण तथा स्तोर उन्नति (लिम्चुङबुङ-ताप्लि) को लागि रु. ७,००,००,०००/- (अक्षरुपि सात करोड)। - संघिय समपुरक अनुदान

३. एभटरेष्ट भ्यूटपको गेट, लिम्चुङबुङ पार्क तथा वाल, सिडि, शौचालय निर्माण तथा घेराबेरा निर्माणको लागि रु. ७,००,००,०००/- (अक्षरुपि सात करोड)। - संघिय समपुरक अनुदान

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघिय विशेष अनुदान अन्तर्गत आ.व. ०८३/८४ को लागि निम्न योजनाहरु माग गर्ने भनि सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. लिम्चुङबुङ गाउँपालिकाका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धिको लगि योजना माग गर्ने।

२. लिम्चुङबुङ गाउँपालिकाको श्री एल.वि.कार्की स्मृति अस्पतालको गुणस्तरिय स्वास्थ्य सेवाको लागि भिडियो एक्सरे, ल्याव मेसिन तथा अन्य औजार-उपकरण खरिद व्यवस्थापन

३. लिम्चुङबुङ गाउँपालिकाले कृषि मार्फत नागरिकहरुमा रहेको गरिबिको उन्मुलन, पुर्ण रोजगारी सिर्जना गर्न कृषि तर्फ उच्च मुल्यु भएका फलफुल तथा बहु बालि प्रवर्धनका लागि आवश्यक संरचना (High-Tech Nursery) साथै कृषि शिकाइ केन्द्र निर्माण गर्न तथा पशु तर्फ पशु नक्ष सुधार कार्यक्रम तथा दुध डेरि सञ्चालन

**निर्णय नं. ७,**

कोशी प्रदेश सरकार द्धारा गाउँपालिकालाई प्राप्त हुने समपुरक अनुदान लिम्चुङबुङ गाउँपालिकाको गौरव र पहिचान समेत जोडिएको वडा नं. ३ स्थित अतिनै महत्वपुर्ण ऐतिहासिक, पुरातात्विक, धार्मिक बाराहा पोखरीको निर्माण, संरक्षण तथा लिम्चुङबुङ महादेवको मन्दिर निर्माणको लागि कोशी प्रदेश सरकारसँग समपुरक अनुदान माग गर्ने भनि सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयका कक्षा १ देखि १० सम्म अध्ययरत वालवालिकाको भविष्य सुनिश्चित गर्नका लागि गाउँपालिकाले वित्तिय साक्षरता अभियान सन्चालन गर्न बिग्य सहित विद्यार्थी र शिक्षकको विचमा अन्तर्रक्रिया गराउन गाउँपालिकाले पहल गर्ने, १ देखि १० कक्षा सम्मका हरेक विद्यार्थिलाई बचत गर्ने बानिको विकास तथा सेयर मार्केट सम्बन्धि IPO भराएर उच्च शिक्षा हासिल गर्न सुनिश्चितताको लागि पालिकामा हरेको नेपाल एस.वि.आई बैङ्कमा खाता खोलिदिने र उक्त खातामा प्रति व्यक्ति १०००/- बचत गरि Dmat खाता खोलिदिने र IPO भर्नको लागि गाउँपालिकाको तर्फबाट शिक्षा शाखालाई जिम्मेवारी दिई सहयोगको लागि गाउँपालिकाको कम्प्युटर अपरेटर श्री विपन राईलाई समेत जिम्मेवारी दिने भनि सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकाको आ.व. ०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम तथा बजेट पुस्तिकामा समावेस भएको बिभिन्न योजनाहरुको सर्वेक्षण, अनुगमन तथा मुल्याङ्कन अनुसार चट्टान भेटिएको हुनाले निर्माण तथा मर्मत कार्य सम्पन्न गर्न सजशक्तिद्धारा सम्भव नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ को उपदफा ९ बमोजिम लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोह गर्नु पर्ने जटिलप्रकृतिको कार्य गर्नुपर्दा प्राविधीकको सिफआरिसमा सार्वजनिक निकायबाट सममति लिई त्यस्तो मेसिन प्रयोग गर्न सकिने व्यवस्था भएकोले व्यवस्था भए बमोजिम प्राविधिक शाखाद्धारा सिफारिस भइ आएकोले तपसिलमा उल्लेखित योजनाहरुमा हेभी मेसिन प्रयोग गर्ने भनि सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

१. तिनचोके सडक निर्माण (बजेट रू ५,००,०००/-)
२. नगरे पाप्रे अधुरो सडक निर्माण (बजेट रू ५,००,०००/-)
३. धुकुर्थुम हिम्मा कपासे सडक निर्माण (बजेट रू २,७५,०००/-)

४. थाती, सिम्सेगैरी,करमडाँडा , तिल्के चौर, मालवासे सडक निर्माण तथा लौकाडाँ सडक मोड सुधार ((बजेट रू ६,५०,०००/-)

५. दाप्सा आम्बोटे सडक निर्माण (बजेट रू ५,००,०००/-)

६. गैरीगाउँ पानदशे सडक मर्मत (बजेट रू १०,००,०००/-)

७. ढाडे सडक निर्माण (बजेट रू ४,००,०००/-)

८. राम्चे विद्यालय सडक निर्माण (बजेट रू १,००,०००/-)

९. कोलडाँडा सिस्नेटार सडक निर्माण (बजेट रू ७,००,००/-)

१०. यौवाली साफला सडक निर्माण (बजेट रू ४,००,०००/-)

११. भकार्टो नारुङमा सडक निर्माण (बजेट रू ५,००,०००/-)

१२. बरभन्ज्याङ वनपाला सडक निर्माण (बजेट रू २,००,०००/-)

१३. बाजागाउँ देखि माझागाउँ सडक स्तरोन्नती (बजेट रू २,५०,०००/-)

१४. धर्पलुङ चनौटे सडक स्तरोन्नती (बजेट रू ३,००,०००/-)

१५. रानापाखा बहेम्मा सडक स्तरोन्नती (बजेट रू १,५०,०००/-)

१६. बाजागाउँ देखि माझागाउँ सडक स्तरोन्नती (बजेट रू २,५०,०००/-)

१७. थर्पुलुङ देउराली बसपार्क सडक स्तरोन्नती (बजेट रू १,००,०००/-)

१८. तिनचोके छाताङ सडक स्तरोन्नती (बजेट रू १,५०,०००/-)

१९. खलंगा नर्सरी सडक स्तरोन्नती (बजेट रू २,००,०००/-)

२०. वुईखा मर्ला सिप्लिङ सडक मर्मत (बजेट रू १,००,०००/-)

२१. ढुकुरथुम खकिङ्ग खोला निर्माण (बजेट रू ५,००,०००/-)

२२. चौतारे सडक निर्माण (बजेट रू २,००,०००/-)

**निर्णय नं. १०,**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिकाले लिम्चुङबुङ गाउँपालिकाको गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा ४(१) (क) बमोजिम प्रति बैठक सदस्य रु. २००० ।- (रु दुई हजार) दिने गरिएकोमा, कोशी पर्देश सरकारको गाउँ तथआ नगरसभाका सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसुची १ मा बैठक भत्ता प्रति बैठक रु १००० (रु एक हजार) दिन सकिने कानुनी ब्यबस्था भएकोले, लिम्चुङबुङ गाउपालिकाको आ.व. २०८१/८२ को चैत्र सम्मको कार्यपालिकाका सदस्यहरुको बैठक भत्त बापत रकम रु. २८८००० (दुई लाख अठासी अजार रुपैया) भुक्तानि गरिएको, र २०८२ साल बैशाख देखि असार सम्मको कार्यपालिका बै:ठक भत्ता बजेट अपुग भएकोले बाँकी रहेको ३ महिनाको रकम लनिई अगाडी लिएको भुक्तानीमा हिसाब मिलान गर्ने, र अब उप्रान्त लिम्चुङबुङ गाउँपालिकाको गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०८१ (पहिलो शंसोधन सहित) बमोजिम बैठक भत्ता लिने प्रतिवद्धता सहित निर्णय सर्बसहमतिबाट पारित गरियो।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११ माथि छपलफल गर्दा लिम्चुङबुङ गाउँपालिकाको श्री एल.वि.कार्की स्मृति अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. अजित राज पण्डित लाई दिदै आईरहेको खाईपाई आइरहेको तलबको ९०% वापतको प्रोत्साहन भत्ता निरन्तरता दिने भनि सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १२,**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा N-WASH (खानेपानि तथा सरसफाई) परियोजनाको लागि पालिकाभरिको खानेपानि तथा सरसफाईम्बन्धि विवरण संकलन तथा इस्टिमेटहरु गर्नको लागि आवश्यक जनशक्ति चाहिने भएकोले उक्त कार्य गर्नको लागि जनशक्ति नियुक्ति गर्न सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १३,**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०८२/८३ च.नं. २१३ मिति २०८२/७/२८ गतेको बैदेशिक अध्ययन/तालिम छात्रबृत्ती(KOICA Scholarship Program) मा मनोनयन गर्ने सम्बन्धमा यस गाउँपालिकाका तपशील बमोजिमका कर्मचारीलाई महिला, आदिवासी/जनजाति, हालसम्म अवसर नपाएका र दूर्गम क्षेत्रमा सबैभन्दा बढी काम गरेको आधारमा प्राथमिकताका साथ मनोनयन गर्ने निर्णय सर्वसम्मत गरियो ।

तपशील

| नाम, थर | पद | शुरु नियुक्ती र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समुह/उपसमुह | संकेत नं. | समायोजन भएको तह | अध्ययन चाहेको गर्न विषय | अध्ययन गर्न चाहेको विश्वविद्यालय | हालको शैक्षिक योग्यता/विषय | इमेल ठेगाना/मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री सुशिला सुब्बा | सहायक पाँचौं | २०७५/०८/२५ र २०८०/११/०२ | लिम्चुङबुङ गाउँपालिका, उदयपुर | विविध/सामान्य प्रशासन | २३३५८६ | सहायक महिला निरीक्षक/चौथो तह | Master's Degree Program in Gender Equality | Ewha Womans University/KOIKA/Korea | Bachelor/BSW | s.subbaa302@gmail.com/9863979088 |

**निर्णय नं. १४,**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिका वडा नं. ३ बस्ने श्री चित्र बहादुर खत्रीले गाउँपालिकाको स्थायी संरचना नबनुन्जेल दिइएको आफ्निलो जग्गा पालिकाको अस्थाई टहरा निर्माणको लागि निशूल्क प्रदान गरिएको र उक्त ठाउमा पालिकाको अस्थाई टहरा मार्फत ६ वर्ष सम्म गाउँपालिकाको सेवा प्रावाह भएको गाउँपालिकाको पक्कि थाई प्रशासकीय भवन निर्मण भएर सेवा सुचारु भएको अस्थाइ टहरा रहेको  जग्गा धनि चित्र वहादुर खत्रीले उक्त जग्गामा बनेको टहरा उपभोग गर्न पाउ भनि यस कार्यलयमा दिइएको निवेदन अनुसार ६ बर्ष सम्म उहाले गाउँपालिकालाई दिनुभएको योगदान गरे बापत आजकै मितिवाट लागु हुने गरी ५ बर्षको लागि निशुल्क प्रयोग गर्न दिने र ५ बर्षको को अवधि समास भएपछि जग्गा जग्गा धनिकै हुने र उक्त संरचना पालिकाले लिने भनि सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १५,**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिका स्थित ताम्लिछामा रहेको महिला भवन जिर्ण र जोखिम अवस्थामा रहेको हुनेले उक्त भवन भत्काने भनि सर्वसहमतिले निर्णय गरियो।